मिति : २०७५।०२।१०

समय : बिहान ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल जेठ १० गते विहिबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको २९ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री बिष्णुप्रसाद सापकोटा | का.वा. वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री सहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी कामी | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री ध्यानकुमार थापा | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

**प्रस्तावहरू**

१. योजना फरफारक सम्बन्धमा ।

२. स्वयं सेविकालाई प्रोत्साहन खर्च उपलब्ध गराउने सम्बन्धमा ।

३. खत्री गाउँ सडक स्तरोन्नतीका लागि बजेट ब्यवस्था सम्बन्धमा ।

४. योजना मर्मत संभार सम्बन्धमा ।

५. बिष्णुदल गणको सुरक्षा बेश, डिको डाँडाको खानेपानी योजनाको लागि बजेट थप सम्बन्धमा ।

बिबिध :

निर्णयहरू

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा पेश्कि बेरूजु तथा योजना फरफारक समितिको मिति २०७५।०२।०४ र ८ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मानेदोभान खानीडाँडा लट्ठा भज्याङ्ग मोटरबाटो | १ | १२,००,०००।- | |
| २ | कृष्ण मन्दिर क्षेत्र सुधार कार्य | २ | ५००,०००।- | |
| ३ | पुछारी लप्सीबोट सिमल चौर आशापुरी मोटरबाटो | ३ | १०,००,०००।- | |
| ४ | नयाँ पुल ध्याल्कु आशापुरी मोटरबाटो | ३ | ८००,०००।- | |
| ५ | भिमसेन पाटी बस्नेत गाउँ हुँदै संसारी मन्दिरसम्मको मोटरबाटो | ४ | ३००,०००।- | |
| ६ | ढलमले बाधाखोर बाटो स्तरोन्नती | ५ | १०,००,०००।- | |
| ७ | बस्नेत गाउँ सडक ग्रावेल कार्य | ५ | ३००,०००।- | |
| ८ | नयाँबस्ती खानेपानी तथा ज्योती बचतसम्म सडक निर्माण | ६ | ५००,०००।- | |
| ९ | पाटीचौर रातमाते बाहुन गाउँ बाटो पक्की ढल | ६ | १०,००,०००।- | |
| १० | पनौती न.पा. वडा नं. ७ भित्र रहेका अधुरो इट्टा छाप्ने कार्य | ७ | १५,००,०००।- | |
| ११ | सामुदायिक भवन निर्माण | ८ | १०,००,०००।- | |
| १२ | पनौती खोपासी सडकदेखि भण्डारी गाउँ जाने सडक स्तरबृद्धि | ८ | ४००,०००।- | |
| १३ | साविक कलाती भुमिडाँडा साविक भवन मर्मत (पे.फ.) | १२ | ४५०,०००।- | |
| १४ | सिन्का लामा बाँध निर्माण (पे.फ.) | ८ | ५०,०००।- | |

२. (क) प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा कार्यरत १२० जना महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई कार्य उत्प्रेरणा जगाउन चालु बर्षका लागि खोप केन्द्र संचालन खर्च शिर्षकमा बिनियोजित रू. ४००,०००।- र म.स्वा.स्व.से. कार्यक्रममा विनियोजित रू. ५००,०००।- गरि जम्मा रू. ९००,०००।- मध्येबाट महिला स्वास्थ्य स्वयंसेविका मासिक बैठक सहभागीता यातायात खर्च वापत जनही ५००।- का दरले उपलब्ध गराउने साथै म.स्वा.स्व. सेविका अक्षय कोषमा रू. ५०,०००।- जम्मा गरिदिने र क्षमता अभिबृद्धि तथा समिक्षा बैठक ब्यवस्थाका लागि रू. १३०,०००।- बजेट ब्यवस्था गर्ने निर्णय गरियो ।

(ख) खोपकेन्द्र निर्माण सम्बन्धमा ।

यस नगरपालिकाको लागि चालु बर्षको स्वास्थ्य तर्फको शशर्त बजेटमा ब्यवस्था भएको २ वटा खोपकेन्द्र निर्माण गर्न प्रति केन्द्र ३ लाखका दरले बजेट बिनियोजन भएकोमा उक्त बजेटबाट वडा नं. २ को नयाँ गाउँमा र वडा नं. ११ को नेपानेमा खोपकेन्द्र निर्माण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ५ उपर छलफल गर्दा संघ संस्था साझेदारी खर्च शिर्षकबाट यस नगरपालिकाको वडा नं. ८ अन्तर्गत थल्पुवन डिकोडाँडामा तैनाथ रहेको नेपाली सेना बिष्णुदल गण सुरक्षा वेशको लागि खानेपानी योजना निर्माण गर्न २०७४।११।१८ को कार्यपालिका बैठकबाट १ लाख उपलब्ध गराउने सैद्धान्तिक सहमति भइसकेकोमा योजना संचालनका क्रममा उक्त रकम ल.ई. का आधारमा अपुग भएकोले सम्बन्धित पक्षको माग एवं वडा नं. ८ को सिफारिश समेतका आधारमा सो कार्यका लागि पूर्ववत निर्णय बमोजिमको रकम समेत गरि जम्मा रू. १,७०,०००।- मात्र संघ संस्था साझेदारी खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

४. बिबिध :

(क) काभ्रेपलाञ्चोक जिल्लालाई ३ नं. प्रदेशको राजधानी बनाउने सिलसिलामा जिल्ला समन्वय समिति काभ्रेले अघि बढाएको पहलकदमीमा सहयोग पुऱ्याउन नेपाल पत्रकार महासंघ जिल्ला शाखा काभ्रेको आग्रहमा संघ संस्था साझेदारी कार्यक्रम खर्च शिर्षकबाट उक्त कार्यका लागि महासंघ मार्फत रू. १,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

(ख) साविक गाविसको समयमा गाविसबाट प्रमाणिकरण भई बनेका निजी घर संरचना सम्बन्धमा २०५३ माघ ११ अगावै पनौती, मल्पी, सुनथान शारदा, खोपासी, टौखाल देवीस्था र सुब्बागाउँ एवं २०७३ फागुन २७ अगावै कुशादेवी, रयाले, कलाँती भुमिडाँडा, बल्थलि गाविस लगायत शंखुपाटीचौर गाविसको वडा नं. ४ र शारदा बतासे गाविसको वडा नं. ३, ४ र ८ मा सम्बन्धित घर नक्सामा गाविसको छाप लगायत दस्तखत गरि प्रमाणित भएकोमा त्यस्तो नक्सा, नक्सा रहे भएको जग्गाको ज.ध.प्र.पु., ने.ना.प्र.प. संलग्न राखि निवेदकको सम्बन्धित निवेदन सहित वडा कार्यालयले सिफारिश गरि पठाएमा त्यस्तो नक्साको प्रति स्वा.फिट रू. ५।- का दरले प्रमाणिकरण सेवा शुल्कलिई नगरपालिकाले तोकेको बरिष्ठ अधिकृतले सम्बन्धित शाखामा अभिलेख रहने गरि प्रमाणिकरण गरिदिने व्यवस्था मिलाउने निर्णय गरियो ।

(ग) यस नगरपालिकाले बैकल्पिक सडक निर्माण शुल्क दस्तुर संकलन गर्न ठेक्का बन्दोबस्त गरिएकोमा आगामी आ.व. ०७५/७५ का लागि ठेक्का बन्दोबस्तद्वारा शुल्क दस्तुर संकलन गर्नका लागि न्यूनतम अंक रू. ५ करोड १६ हजार (मु.अ.कर बाहेक) कायम गर्ने निर्णय गरियो ।